# ४८ औं कार्यपालिका बैठक

प्रस्ताव

१) राहत कोष सम्वन्धमा ।

२) राहत वितरणको मापदण्ड सम्वन्धमा

३) एम्बुलेन्स सम्बन्धमा

**निर्णय नं. १** नोबेल कोरोना भाइरस (कोभिड-19) न्युनीकरण तथा रोकथाम र दैनिक ज्यालादारी गरि दैनिक रूपमा जिवन निर्वाह गर्ने मजदुरलाई राहत प्याकेजको लागि कृष्णपुर नगरपालिकाको विपद व्यवस्थापन कोषमा यस आ.व.को लक्षित वर्गको लागि छुट्याइएको रू.७३ लाख, महिला विकास शाखाको यस आ.व.को अन्तर जिल्ला रेखांकन भ्रमणका लागि छुट्याइएको रू. २ लाख ५० हजार र विपद व्यवस्थापन कोषमा मौज्दात रहेको २५ लाख सहित १ करोड ५० हजारको विपद व्यवस्थापन कोष निर्माण गर्ने उक्त कोषबाट नै राहत प्याकेज लगायत अन्य व्यवस्थापनका लागि खर्च गर्ने निर्णय गरियो । साथै यस कोषमा सम्पुर्ण राजनैतिक दल, सरकारी गैरसरकारी संघ संस्थाहरू, सामुदायिक वनहरू, सहकारी संस्थाहरू, संचारकर्मी, सुरक्षाकर्मी, उद्योगी/ व्यापारी/ व्यवसायी, समाजसेवी, बुद्धिजिवी, शिक्षक, युवा, विद्यार्थी लगायत सरोकारवाला सबैलाई सहयोगका लागि कोषको खाता नं. १४८००००००५००१ मा जम्मा गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** दैनिक ज्यालादारी गरि जिवन निर्वाह गर्ने मजदुरहरूलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४३८, मिति २०७६/१२/१८ गतेको प्राप्त असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराईने राहत सम्वन्धि मापदण्ड-२०७६ बमोजिम र मापदण्डको बुँदा नं. ५ मा उल्लेख भएको राहत सामग्री शिर्षकमा देहायको व्यवस्था परिमार्जन गरि नोबेल कोरोना भाइरस (कोभिड १८) पुर्व तयारी तथा प्रतिकार्य सम्बन्धि वडा स्तरिय समन्वय समिति मार्फत राहत वितरण गर्ने निर्णय गरियो ।

१ देखि ४ जना सम्मको परिवार संख्या भएको परिवारलाई

चामल-२५ के.जी. दाल-३ के.जी. नुन-१ के.जी. तेल-१ लिटर

४ जना भन्दा माथी परिवार संख्या भएको परिवारलाई

चामल-३० के.जी. दाल-३ के.जी. नुन-१ के.जी. तेल-१ लिटर

निर्णय नं. ३ कृष्णपुर नगरपालिका भित्र सञ्चालनमा रहेका ३ वटा एम्बुलेन्सहरु ( कृष्णपुर नगरपालिका, नेपाल रेडक्रस सोसाइटी वाणी उपशाखा र नेपाल रेडक्रस सोसाइटी इन्द्रेणी उपशाखा रैकवारविचवा) मध्ये नेपाल रेडक्रस सोसाइटी इन्द्रेणी उपशाखा रैकवार विचवाको एम्बुलेन्स सुत्केरी महिलाको लागि मात्र र सुत्केरी महिला बाहेक अन्य सबै प्रयोजनका लागि कृष्णपुर नगरपालिका, नेपाल रेडक्रस सोसाइटी वाणी उपशाखाको एम्बुलेन्स प्रयोगमा ल्याउने निर्णय गरियो ।